# नेपाल राष्ट्र बैंक

## केन्द्रीय कार्यालय

## वित्त कम्पनी सुपरिवेक्षण विभाग

## वालुवाटार, काठमाडौंको

## व्यवस्थापन समूहमा रही काम गर्न दरखास्त आव्हान गरिएको

## सूचना

यस बैंकबाट इजाजतपत्रप्राप्त केही वित्तीय संस्थाहरु समस्याग्रस्त हुन गएकोले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ग. को उपदफा (१) को खण्ड (ण) बमोजिम यस बैंकबाट व्यवस्थापन नियन्त्रणमा लिई त्यस्तो वित्तीय संस्थाको व्यवस्थापन सञ्चालन गराउनु पर्ने भएको हुँदा देहायको योग्यता तथा अनुभव भएका व्यक्तिहरुको समूहले यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र आवश्यक कागजातहरु संलग्न गरी यस बैंकको वित्त कम्पनी सुपरिवेक्षण विभागमा दरखास्त दिनहुन सूचित गरिन्छ। (यो सूचना यस बैंकको वेवसाइट www.nrb.org.np मा समेत हेर्न सकिने छ।)

**<u>व्यवस्थापन समुहको लागि आवश्यक योग्यता तथा अनुभव :</u>**

(१) व्यवस्थापन समूहमा एक जना संयोजक र अन्य दुई जना सदस्य सहित तीन जना हुनु पर्नेछ।

(२) संयोजक तथा सदस्यको लागि व्यवस्थापन, बैङ्किङ्ग, वित्तीय, मौद्रिक, अर्थशास्त्र, वाणिज्यशास्त्र, व्यापार प्रशासन मध्ये कुनै एक विषयमा कम्तिमा स्नातक वा चार्टर्ड एकाउण्टेन्सी उपाधि हासिल गरेको हुनु पर्नेछ।

(३) संयोजकको लागि बैंक तथा वित्तीय क्षेत्रमा कार्यकारी तह वा सोभन्दा माथिको पदमा कम्तिमा पाँच वर्षको अनुभव भएको र सदस्यहरुको लागि बैंक तथा वित्तीय क्षेत्रको व्यवस्थापन तहमा कम्तीमा ५ वर्ष कार्य गरेको हुनु पर्नेछ।

(४) देहायको अयोग्यता नरहेको:

- (क) ऋण तिर्न नसकी साहूको दामासाहीमा परेको,
- (ख) बैंक वा वित्तीय संस्थासंगको कुनै कारोबारमा कालोसूचीमा परी सो सूचीबाट फुकूवा भएको मितिले कम्तीमा तीन वर्ष पूरा नभएको,
- (ग) नैतिक पतन देखिने फौज्दारी कसूरमा अदालतबाट सजाय पाई त्यस्तो सजाय भुक्तान भएको मितिले पाँच वर्ष नपुगेको,
- (घ) राष्ट्र बैङ्कको निर्देशन पालना नगरेको कारणबाट राष्ट्र बैङ्कले कारबाही गरेको वा राष्ट्र बैङ्कले व्यवस्थापन आफ्नो नियन्त्रणमा लिई निलम्बन वा विघटनमा परेको मितिले पाँच वर्ष नपुगेको।

(५) समूहको कार्यावधि सुरुमा छ महिनाको हुने र कार्य प्रगतिको आधारमा आवश्यकतानुसार थप गर्न सकिने छ।

(६) आवेदन साथ वित्तीय प्रस्ताव (पारिश्रमिक एवं सुविधा) समेत पेश गर्नु पर्नेछ र अन्य शर्त तथा व्यवस्था यस बैंकले तोके बमोजिम हुनेछ।

(७) दरखास्त दिने व्यक्ति वा समूह मध्येबाट व्यवस्थापन समूह छनौट गर्ने नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहने छ।